आज मिति २०८३/०१/१६ गते बुधवारका दिन बिहान ११:०० बजे यस बंगलाचुली गाउपालिकाका अध्यक्ष श्री तुलसीराम पुन मगरज्यूको अध्यक्षता एवं तपसिलको समुपस्थितिमा गाउँकार्यपालिका बैठक बसी तपसिल वमोजिमको प्रस्तावमाथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिति :**

| | |
|---|---|
| श्री तुलसीराम पुन मगर | अध्यक्ष |
| श्री भक्त बहादुर जी.सी. | उपाध्यक्ष |
| श्री विष्णु कवर | १ नं वडाध्यक्ष |
| श्री मैते पुन मगर | २ नं वडाध्यक्ष |
| श्री शोभाराज विश्वकर्मा | ३ नं वडाध्यक्ष |
| श्री डास बहादुर डाँगी | ४ नं वडाध्यक्ष |
| श्री लिला बहादुर घर्ति | ५ नं वडाध्यक्ष |
| श्री डोम बहादुर के.सी. | ६ नं वडाध्यक्ष |
| श्री गिर बहादुर थापा | ७ नं वडाध्यक्ष |
| श्री झबिन्द्र बहादुर गाहा मगर | ८ नं वडाध्यक्ष |
| श्री रमा कुमारी पुन मगर | कार्यपालिका सदस्य |
| श्री नारायणी गिरी | कार्यपालिका सदस्य |
| श्री चित्रा कुमारी दमाइ | कार्यपालिका सदस्य |
| श्री सुमा कुमारी घर्ति मगर | कार्यपालिका सदस्य |
| श्री गणेश विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री शबी राम कामी | कार्यपालिका सदस्य |
| श्री चन्द्रकान्त पौडेल (प्रमुख प्रशासकीय अधिकृत) | सचिव |

**आमन्त्रित :**

श्री नारायण प्रसाद आचार्य (वरिष्ठ लेखा अधिकृत, बंगलाचुली गाउपालिका)

श्री नुमाकान्त कालाथोकी (प्रशासकीय अधिकृत, प्रशासन शाखा प्रमुख)

प्रस्तावहरु :

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा ।

२. नदीजन्य पदार्थ अमानत प्रक्रीयावाट विक्री वितरण गर्ने सम्वन्धमा ।

३. China/ MOFOCAM Scholarship को लागि समर्थन प्रदान गर्ने सम्वन्धमा ।

४. कक्षा १-८ को स्थानिय पाठ्यक्रम परिमार्जन स्विकृत सम्वन्धमा ।

५. सहकारी संस्था अनुगमन, निरीक्षण तथा नियमन सम्वन्धी मापदण्ड, २०८३ स्वीकृत सम्वन्धमा ।

६. मेलमिलाप कार्यसञ्चालन सम्वन्धी कार्यविधि, २०८३ स्वीकृत सम्वन्धमा ।

CamScanner

## २०८३ वैशाख १६ गते वसेको ७६ औं गाउँ कार्यपालिका वैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं | प्रस्तावहरु | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | अघिल्लो कार्यपालिका वैठकको समिक्षा सम्वन्धमा । | अघिल्लो कार्यपालिका वैठकको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्ला वैठकहरुवाट भएका निर्णयहरु समिक्षा गरियो । | प्रस्तावमा लेखिए बमोजिम गर्ने। |
| २. | नदीजन्य पदार्थ अमानत प्रक्रीयावाट विक्री वितरण गर्ने सम्बन्धमा । | तिस्वाखोला दोभानको नदीजन्य पदार्थ उत्खननको लागि २ पटक वोलपत्र आह्वान गर्दा वोलपत्र नपरेको र पालिकाको आन्तरिक आम्दानी अभिवृद्धि गर्न आवश्यक रहेको । | तिस्वाखोला दोभानको नदिजन्य पदार्थ अमानतमा उत्खनन गरी घाटगद्दी गर्ने र नापजाँच गरी परिमाणका आधारमा विक्री वितरण गर्न शुभम निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. इच्छुक देखिएकोले लुम्विनी प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ को दफा ७ (६) वमोजिम सम्झौता गरी कार्यदिश दिने । | प्रस्तावमा लेखिए बमोजिम गर्ने। |
| ३. | China/ MOFOCAM Scholarship को समर्थन प्रदान गर्ने सम्वन्धमा । | China/ MOFOCAM Scholarship को लागि जनस्वास्थ्य निरीक्षक (छैंठौ) विकास घिमिरे तथा प्रशासकीय अधिकृत (सातौं) नुमाकान्त कालाथोकी इच्छुक भई मनोनयनको लागि सिफारिस गरिएको । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २८१, मिति २०८२/१२/२६ गतेको China/ MOFOCAM Scholarship को मनोनयनको लागि प्राप्त पत्रानुसार यस गाउँपालिकामा कार्यरत जनस्वास्थ्य निरीक्षक (छैंठौ) विकास घिमिरे तथा प्रशासकीय अधिकृत (सातौं) नुमाकान्त कालाथोकी इच्छुक भई मनोनयनको लागि सिफारिस गरिएकोमा कार्यपालिकाको समर्थन आवश्यक रहेको । | प्रस्तावमा लेखिए वमोजिम गर्ने। |
| ४. | कक्षा १-८ को स्थानिय पाठ्यक्रम परिमार्जन स्विकृत सम्वन्धमा । | यस आ.व. को स्वीकृत कार्यक्रम वमोजिम स्थानिय पाठ्यक्रम परिमार्जन गरी स्विकृत गर्न आवश्यक रहेको। | गाउँपालिकाको शिक्षा तथा खेलकूद विकास शाखावाट प्रस्तावित तथा गाउँ शिक्षा समितिवाट सिफारिस भई निर्णयको लागि पेश भएको कक्षा १-८ को पाठ्यक्रम स्वीकृत गर्ने । | प्रस्तावमा लेखिए बमोजिम गर्ने। |

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ५. | सहकारी संस्था अनुगमन, निरीक्षण तथा नियमन सम्बन्धी मापदण्ड, २०८३ सम्बन्धमा | सहकारी संस्थाहरुको अनुगमन, निरीक्षण तथा नियमनको लागि उल्लेखित मापदण्ड आवश्यक रहेको । | गाउँपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाबाट पेश भएको र मापदण्ड निर्माण गर्न आवश्यक रहेकोले उल्लेखित मापदण्ड स्वीकृत गर्ने । | प्रस्तावमा लेखिए बमोजिम गर्ने। |
| ६. | मेलमिलाप कार्यसञ्चालन सम्बन्धी कार्यविधि, २०८३ सम्वन्धमा | न्यायिक समितिलाई प्रदत्त गरिएको विवादहरु मेलमिलापको माध्यमबाट समाधान गर्नको लागि उल्लेखित कार्यविधी आवश्यक रहेको । | गाउँपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाबाट पेश भएको र कार्यविधी निर्माण गर्न आवश्यक रहेकोले पेश भएको कार्यविधी स्वीकृत गर्ने । | प्रस्तावमा लेखिए बमोजिम गर्ने। |

प्रमुख प्रशासकीय अधिकृत